"सेवा साकोस र शुभारम्भ साकोस गाभिएर बनेको संस्था "

# १४ औं वार्षिक साधारण सभा

## सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि.

## निजगढ न.पा.-९

२०८१ पौष २० गते ०७ रोज्

# सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि.

## १४ औँ वार्षिक साधारण सभा

## संचालक समितिको तर्फबाट अध्यक्षको प्रतिवेदन

“सामाजिक, आर्थिक र सांस्कृतिक उन्ननयन हाम्रो अभियान समतामुलक सहकार्य सहितको सहकारिता हाम्रो पहिचान” भन्दै सहकारीको अभ्यास गर्दै अघि बढेको हाम्रो गौरवमय संस्था सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्थाको १४ औँ वार्षिक साधारण सभामा उपस्थित आदरणिय प्रमुख अतिथि,बिशिष्ट अतिथि,अतिथि तथा शेयर सदस्य माहानुभावहरुमा यस संस्थाको अध्यक्ष एवम् सम्पूर्ण सञ्चालकहरुको तर्फबाट,जय सहकारीको अभिवादन टकयाउन चाहन्छु ।

आदरणीय शेयर सदस्य माहनुभावहरु आज भन्दा ५ बर्ष अगाडी ऐतिहासिक एकिकरण पछि बनेको यस गौरवशाली सेवा शुभारम्भ साकोसले विषम आर्थिक परिवेश,विभिन्न नितिगत एवम् आर्थिक चलखेल गर्नेहरुबाट भएको सहकारी माथिको चौतर्फी प्रहारको सामाना गर्दै अपेक्षाकृत उपलब्धी हासिल गर्न नसकेको सत्यलाई स्वीकार गर्दै हाम्रो वित्तिय प्रगतिको सार याँहाहरु समक्ष प्रस्तुत गर्न चाहान्छु ।

| क.म | विवरण | एकीकरणको बर्ष | गत बर्ष | यस बर्ष | अपेक्षा |
|---|---|---|---|---|---|
| १. | शेयर पुजी | २३,५७१,८००।०० | २७,९४०,९००।०० | २७,८३७,०००।०० | २९,०००,०००।०० |
| २. | जगेडा कोष | ३,६४९,०६१।६१ | १०,४८०,५११।७९ | १३,४३४,३४१।३५ | १४,५७३,८०९।५३ |
| ३. | अन्य कोष | ९,२२१,७६९।४९ | १२,५२८,८९६।६० | १२,७६९,१७१।११ | ६,९४१,६८९।१७ |
| ४. | बचत रकम | ८८,८९१,७०३।१८ | १२२,८७८,३८९।४० | १५०,३६७,३००।४१ | १६९,४५८,६१९।०१ |
| ५. | ऋण लगानी | १२०,५८३,०४१।८० | १८४,२५६,१८५।५६ | १८३,७०९,४२५।४२ | २०६,३६१,७५६।९७ |
| ६. | संस्थागत लगानी | ३७७,४००।०० | १,०७६,०००।०० | १,१६६,४००।०० | १२५०,०००।०० |
| ७. | सदस्य संख्या | ४,७०२।०० | ५,७६६।०० | ६,००६।०० | ६,१४२।०० |
| ८. | कुल वासलात | १४८,३१६,१२५।२१ | २२३,८५०,३८४।९० | २३७,३९०,२९१।२० | २५८,४५८,०२१।५९ |

आदरणीय सेयर सदस्य माहनुभावहरु सहकारी ऐन २०४८ बमोजिम स्थापित भई ५ बर्ष अगाडी संस्थाले एकिकरण गर्दै ईतिहास कायम गरी “समानुकुल सुधार,सूचनामा परादर्शिता सहकारीको मुलधार” भन्दै अगाडी बढ्ने कममा हामीले गरेको सुधारहरु बुदागत रुपमा राख्ने अनुमति चाहन्छु ।

**१.मासिक रुपमा कर्जाको किस्ता भूक्तानी,मासिक बचतको जम्मा गर्न सम्बन्धित सदस्यलाई SMS मार्फत सूचना र ऋण जमानत दिनुहुने सदस्यलाई कर्जा भाखा नाघ्ने मिति भन्दा ७ दिन अगाडी जानकारी SMS मार्फत दिने व्यवस्थाहरु,**

**२.सदस्यको अति आवश्यक कगजात तथा तमसुकहरुको Cloud मा Date Backup बस्ने व्यवस्थापन मिलाईएको,**

**३.मोबाईल बैकिङ्ग,एस.एम.एस बैकिङ्ग,E-Teller,Qr Marchent,Gmail मा कारोबारको विवरण जाने व्यवस्थापनहरु , मोबाईल बैकिङ्ग माध्यमबाट संस्थालाई सुझाव दिने मिल्ने सुबिधाहरु,**

**४.संस्थाको सूचनाहरु Website,Facebook ,Digital सूचना पार्टीबाट प्रकाशन,अनलाईन Website को माध्यमबाट ऋण माग ,सदस्य पहिचान फारम,बचत खाता सञ्चालन जस्ता सुबिधाहरुको थप गर्ने कार्यको थालनी,**

**५.कर्मचारीहरुको Bio Metric हाजीरी प्रणाली,ई-सेवा तथा Connect Ips खाताबाट सहकारीमा आवद्ध सदस्यको आफ्नै बचत खातामा रकम जम्मा गर्न मिल्ने व्यवस्था,**

आदरणीय सेयर सदस्य माहनुभावहरु मेरो नेतृत्वमा रहेको कार्यकालमा संस्थाका संचालक सदस्यहरु,लेखा सुपरिवेक्षण सदस्यहरु एवम् ऋण उपसमिति लगायत कुनै पनि अन्य उप समितिहरुको सदस्यहरुले कुनै प्रकारको नियमित सुविधा नलिएको व्यहोरा म याहाँहरुलाई सुचित गराउन चाहान्छु । साथै हामीले सदस्यहरुको सेवा एवम् सुविधाहरुका लागि गरेका नविनतम प्रयासहरु याँहाहरु समक्ष पेश गर्न चाहान्छ ।

**१.सदस्य लक्षीत वित्तिय साक्षेरता कार्यक्रम,बिद्यार्थी लक्षित वित्तिय साक्षरता कार्यक्रम १ महिना १ बिद्यालय,**

**२.सदस्य पहिचान फारमहरुको (Kym)अद्यावधिक,सम्पर्कमा नरहेको ऋणीहरुको कगजातहरु अद्यावधिक,सम्पत्ति शुद्धिकरण निवारण बिभागमा TTR कारोबारको विवरणहरुको दाखिला गरेको,**

**३."शेयर मासिक बचतमा आधारिक सदस्य सुरक्षा योजना","व्यवसायिक साझेदार" कार्यक्रमको माध्यमबाट सदस्यले बस्तु तथा सेवा खरिदमा छुट,**

**४.सदस्य समक्ष संस्थाको वित्तिय विवरणहरुको प्रकाशन,सदस्य बडा पत्र,शुद्ध पानी पिउनको लागि Water Dispenser व्यवस्थाहरु,**

**५.संस्थाको बचत आन्तरिक कार्यविधि संसोधन गरी सदस्यहरुको लागि उचित सुबिधा सहितको बचतका प्रोडक्टहरुको निर्माण तथा ऋण आन्तरिक कार्यविधिलाई संसोधन गरी कर्जा लागनीको प्रकृयाहरुलाई सरल र सहज बनाईएको छ ।**

**६.अन्त्यष्ठी काजकृया खर्च बापत रकम भूक्तानी गर्ने गरिएको,**

**७.बाल सदस्यहरुको हकमा जन्मोत्सव उपहारको व्यवस्था गरिएको,**

**८.फरक फरक कारोबारको विद्याहरु मार्फत सदस्यहरुलाई सम्मान गर्दै आएको,**

आदरणीय सेयर सदस्य माहनुभावहरु,सामाजिक उन्नयन र सामाजिक उत्तरदायित्वलाई प्रति कृयाशिल छौ,समाजका सामाजिक,आर्थिक,शैक्षिक,सास्कृतिक र मानविय विकास सहकारीको पनि दायित्व हो भन्ने बारेमा हामी सचेत छौं,समाजमा संस्थागत ढंगले गरिने सामाजिक उत्तरदायित्व प्रति हामी सदैव कृयाशिल रहने प्रतिवद्धता व्यक्त गर्दै याहाहरु समक्ष हामीले गरेको सामाजिक उत्तरदायित्वका केहि प्रयासहरु राख्ने अनुमति चाहान्छु ।

**१.संस्थाको स्थापना दिवशको अवसरमा टांगियावस्ती क्षेत्र स्थित ने.रा.मा.वि. लाई १ थान स्टील दराज र निजगढ न.पा-०९ स्थित वाकेश्वर शिव मन्दिरलाई २ थान तथा कृष्ण प्रणामी मन्दिर,सडकटोल-०६ लाई १ थान Water Proof Focus Light प्रदान ।**

**२.नेत्रोदय मा.वि बिद्यालयमा Celling Fan वितरण,निजगढमा संचालित विविध क्लबहरुलाई स्वास्थ्य शिविर संचालनमा आर्थिक सहयोग तथा साझेदारी कार्यक्रम ,**

**३.निजगढको खेलकुद क्षेत्रको बिकास तथा प्रवद्धनका लागि खेलकुद आयोजन गर्ने फुटवल क्लवहरुलाई आर्थिक सहयोग**

**४.निजगढको मठमन्दिर बिकास तथा प्रवद्धनको लागी श्री कृष्ण प्रणामी मन्दिर,सडकटोल-०६ र नेपाल मानव धर्म सेवा समितिलाई महायज्ञको आयोजनाको समयमा आर्थिक सहयोग ।**

**५.उत्कृष्ट बिधार्थीहरुलाई प्रत्येक बर्ष छात्रबृत्ति प्रदान गर्दै आएको,**

**६.दिर्घकाल सम्म सामाजिक उत्थानमा समर्पितहरुको सम्मानको लागि “Shubharambha Life Time Achivement Award”तथा प्रत्येक बर्ष कुनै एक बिद्यामा समर्पित व्यक्तित्वको लागि “सेवा प्रतिभा सम्मान” बाट सम्मानित गर्दै आएको ।**

आदरणीय सेयर सदस्य माहनुभावहरु,सहकारीमा समान सहभागिता,शुसासन पारदर्शिता,सहज पहुच सहित वास्तबिक सहकार्य प्रकृयामा अघि बढदै गर्दा केहि गल्ती कमजोरीहरु पनि पक्कै भएका छन्,गल्तीहरुबाट पाठ सिक्ने,कमजोरीहरुमा सुधार ल्याउदै अगाडी बढने क्रममा हामीले प्रयासहरु जारी नै राखेको छौ । संस्थाको वित्तिय कारोबारमा हामीले सहकारीको मुलमर्मलाई ननाग्ने अधिकतम कोसिश गरेको छौ,नेपाल राष्ट्र बैक,सहकारी विभाग हाम्रो छाता संगठनले जारी गरेको व्याज लिने र दिने बिचको बजार **व्यादर सर्भेक्षण रिपोर्टको** आधारमा Spreed Rate दर तथा प्रकृयाहरुमा हामी सचेत रहेर मात्रै आर्थिक कारोवार गर्ने प्रयास गरिरहेको छौ । संस्थाको कारोबारलाई,जोखिबाट मुक्त गर्न हामी Curbs कार्यक्रममा सहभागि भएका छौ भने प्रत्येक महिना मासिक व्यवस्थापन प्रतिवेदन सहितको छलफल,कर्जा जोखिमकोषमा सहकारी ऐन व्यवस्थापन गरे बमोजिम रकम त्रैमासिक रुपमा विनियोजित र बैठकबाट सकभर संस्थालाई जोखिम मुक्त बनाउने कोसिसमा छौ । यहि क्रममा हामीलाई विभिन्न संघसंस्था निकायहरुबाट पनि सम्मान तथा पुरस्कार प्राप्त भएको छ जसको विवरण हामी स-गौरव प्रस्तुत गर्न चाहन्छु ।

**१.राष्ट्रिय सहकारी बैक लि.बाट शाखा स्तरबाट उत्कृष्ट कारोबार बिद्यामा सम्मानित,**

**२.नेफस्कूनबाट शाखा स्तरबाट उत्कृष्ट कारोबार बिद्यामा सम्मानित,**

**३.बारा जिल्ला बचत संघबाट जिल्लाको व्यवस्थापहरु मध्य उत्कृष्ट व्यवस्थापक बिद्यामा संस्थाको व्यवस्थापकलाई सम्मानित,**

**४.बारा जिल्ला बचत संघका सहकारी एकीरण अभियान्ता संस्थाको रुपमा सम्मान र विविध रेमिटान्स कम्पनीहरुबाट “Target Meet Award” बाट सम्मानित,**

**५. Diploma In Cooperative Education And Development मा सहभागि रहेको व्यक्तिहरु मध्य टप १० मा संस्थाको व्यवस्थापक छनोट हुन सफल,**

आदरणीय सेयर सदस्य माहनुभावहरु,संस्थाको समग्र क्षमता विकासको लागि कानुन,कार्यविधि,विनियम र प्रकृयाहरु सक्दो पालना गर्न तथा सम्बद्ध सदस्यहरुको वित्तिय साक्षरता बृद्धि गर्न एवम् संस्थालाई दिर्घकालिन सम्म एउटा निश्चित नियम परिधि र शुसासनबाट संचालिन गर्न हरेक कृयाकलापहरुलाई विधि,विधान र कार्यविधिहरुले बाध्ने कोसिशमा छौ । जस अनुरुप संस्थाको व्यवस्थापकलाई Diploma In Cooperative Education And Development कोर्षको लागि भारतको नया दिल्ली स्थीत भारतीय राष्ट्रिय सहकारी सघंमा पठाईएको,धितो तथा बिना धितो कर्जाको जोखिमलाई न्यूनिकरण गर्न आवश्यक प्रारम्भिक कार्यहरु, धितो लिलाम प्रकृयाको लागि आवश्यक कानुनी प्रकृया र आधारहरुको अध्ययन बिश्लेषण र व्यवस्था गरि सकिएको साथै संस्थालाई निर्दिष्ट कार्य दिशामा सही मार्ग प्रशस्त गर्ने हेतुले तपसिलका कार्यविधिहरु निर्माण भैसकेको एवम् केहि कार्यविधिहरु आजको यस साधारण सभामा प्रस्ताव प्रस्तुत गर्दछु ।

**अनुमोदन भई सकेको कार्यविधिहरु**

१.मानव संसाधन व्यवस्थापन आन्तरिक कार्यविधि-२०७६,

२.आर्थिक तथा प्रशासन आन्तरिक कार्यविधि-२०७६,

३.ऋण लगानी तथा असुली आन्तरिक कार्यविधि-२०७६,पुर्नलेखन २०८०,

४.बचत आन्तरिक कार्यविधि-२०७६,पुर्नलेखन २०८०,

५.सम्पत्ति शुद्धिकरण निवारण आन्तरिक कार्यविधि-२०७८,

६.सुशासन आन्तरिक कार्यविधि-२०७६, ७.संगठन तथा समन्वय आन्तरिक कार्यविधि-२०७६,

८.सदस्य सेवा सुविधा संचालन कार्यविधि-२०७९, ९.कागजात धुल्याउने कार्यविधि-२०८०,

१०.नगद व्यवस्थापन आन्तरिक कार्यविधि-२०८०, ११.निर्वाचन आन्तरिक कार्यविधि-२०८०,

१२.धितो लिलामी आन्तरिक कार्यविधि-२०८०, १२.शिक्षा तथा तालिम कार्यविधि-२०८०,

**प्रस्तावित कार्यविधिहरु**

१.संचालक समिति बैठक सञ्चालन कार्यविधि-२०८१, २.गल्ती व्यवस्थापन आन्तरिक कार्यविधि-२०८१,

३.सदावहार काउन्टर सेवा सञ्चालन कार्यविधि-२०८१, ४.सम्मान तथा पुरस्कार कार्यविधि-२०८१,

५.संरक्षित पूजिफिर्ता कोष वितरण कार्यविधि-२०८१, ६.सदस्य भ्रमण कार्यविधि-२०८१,

अन्तमा,विगत बर्षका प्रस्तावहरु गरिएको Multipurpose भवनको तथा केरा तथा कृषि उत्पादन संकलन केन्द्रको कार्यलाई खासै प्रगतिमा लान नसकिएको प्रति हामी क्षमाप्रार्थी छौ । यद्पी हामीले जग्गाको चारकिल्ला छुट्याई विभिन्न निकायमा पहल गर्ने काम भने अगाडी बढाएका छौ । पुन यस बर्ष सो कार्य अगाडी बढाउने प्रस्ताव समेत यँहा प्रस्तुत गर्न चाहन्छौ । साथै सेवा बिस्तारका क्रममा हामीले निजगढ नगरपालिका वडा नं १,२,३ लाई समेट्ने गरी भरतगंज सिगौलमा र निजगढ न.पा वडा नं १०,११,१२,१३ लाई समेट्ने गरी रतनपुरमा सेवाकेन्द्र सहितको सेवा एवम् जितपुर सिमरा उ.मा.न.पा १६ टांगियाबस्तीमा सेवाकेन्द्र रहितको सेवा संचालन गरेको छौ भने संस्थाको एकीकरण र विस्तारको अवधारणलाई यथावत राखेका छौ । जस अनुरुप सेवाकेन्द्रहरुको असार मसान्त सम्मको प्रगति विवरण याँहा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

| क्र.म | विवरण | सिगौल सेवाकेन्द्र | रतनपुर सेवाकेन्द्र |
|---|---|---|---|
| | | रकम | रकम |
| १. | शेयर पुजी | ३,६०७,३००।०० | ६६२,५००।०० |
| २. | बचत रकम | २३,१४७,५०१।०० | १३,७९९,७८०।०० |
| ३. | सदस्यमा ऋण लगानी | २६,३१५,३६३।०० | ७५,५७,१८०।०० |
| ४. | सदस्य संख्या | १,०२८ | १,७९५ |
| ५. | कुल बासलात रकम | २७,०४९,९०७।०० | १४५,७१८,२१२।०० |

पुनश्च,संस्थालाई उचाईंमा पुर्याउन साथ सहयोग,सहकाय,समन्वय र सहभागी हुनुहुने विभिन्न निकाय संचालक ज्यूहरु,लेखा सुपरिवेक्षण समिति,ऋण उप समिति शिक्षा तथा तालिम उपसमिति तथा अन्य उप समिति साथीहरु,कर्तव्यनिष्ठ कर्मचारीहरु, हामी आवद्ध संघ संगठन लगायत सरोकारवाल सबै संस्थाको ईतिहास कायममा योगदान गर्नुहुने तत्कालिन साकोसका विभिन्न पद तथा जिम्मेवारमा रहनु भएका संचालक एकीकरण कार्यदल तथा शेयर सदस्य माहानुभावहरु र हाम्रो निमन्त्रणलाई स्वीकार गरी उपस्थित भै दिनु भएका प्रमुख अतिथि,बिशिष्ट अतिथि ज्यूहरु सवैमा निरन्तर सहयोग,सुझाव र सहकार्यको अपेक्षा सहित सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

॥ जय सहकारी,जय सेवा शुभारम्भ ॥

॥ धन्यबाद ॥

ईति सम्वत २०८१ पौष २० गते रोज ०७ शुभम् ‼

# सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि.

## १४ औं वार्षिक साधारण सभामा

## लेखा समितिको तर्फबाट प्रस्तुत संस्थागत लेखा प्रतिवेदन

सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लि. को १४ औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका कार्यक्रमका प्रमुख अतिथि,बिशिष्ट अतिथि,अतिथि गण, संचारकर्मी मित्रहरु, संचालक समिति,उप -समितिका पदाधिकारीहरु, शेयर सदस्य महानुभावहरु, कर्मचारीलगायत उपस्थित सम्पूर्णमा हार्दिक स्वागत तथा जय सहकारीको न्यानो अभिबादन टक्राउन चाहन्छु ।

आजको यस गरिमामय सभामा आफ्नो महत्वपूर्ण कार्यलाई थाती राखी पाल्नु भएका महानुभावहरुप्रति हार्दिक आभार व्यक्त गर्दै लेखा समितिको प्रतिवेदन प्रस्तुत गर्न चाहन्छु । हामीले सहकारी ऐन तथा नियमावली ,सहकारी मापदण्ड,संस्थाको विनियम, लेखाको सर्वमान्य सिद्धान्तअनुरुप यस संस्थाको आर्थिक तथा अन्य पक्षको पनि सुक्ष्म सुक्ष्म सुपरिवेक्षण गर्दै आएका छौं । संस्थाको लेखा तथा कारोबार सम्बन्धमा हाम्रो टिप्पणी यस प्रकार रहेको छ :-

### १.अघिल्लो साधारण सभाको निर्णयहरुको कार्यान्वयनको अवस्था :

संस्थाको १३ औं वार्षिक साधारण सभा २०८०।०९।२० गते सम्पन्न भएको छ । सभाले पारित गरेके निर्णयहरु कार्यान्वय पक्षहरु उत्साहजनक र राम्रो रहेको छ । संस्थाले लिएको लक्ष्यहरु धेरै प्राप्त भएको छ भने केही लक्ष्य अर्थ बजारमा आएको केहि समस्याको कारणले लक्ष्य प्राप्तीमा आघात पुगेको देखिन्छ । सभाको निर्देशन बमोजिम संस्थाको गतिविधिहरु प्रविधिमैत्री बन्दै गईरहेको पाईएको छ साथै संस्थाले वार्षिक साधारण सभाको खर्चलाई वार्षिक बजेटमा उल्लेखित रकमको भन्दा पनि कममा सम्पन्न भएको छ । प्रतिकुल वित्तिय वातावरणका बीच समेत अधिकाशं सूचकहरुमा भएको बृद्धिले संस्थाले तयार पारेको वार्षिक कार्ययोजनाहरु सुझबुझका साथ कार्य सम्पादन गरेको देखिन्छ ।

### २.आ.व.२०८०।०८१ मा बसेको बैठक संख्या,निर्णयहरु र निर्णयहरुको कार्यान्वयनको अवस्था :

सञ्चालक समिति,लेखा सुपरिवेक्षण समिति,लागयत उप -समितिहरुको बैठक तपसिल अनुसार बसेको पाईयो सो बैठकबाट गरिएका निर्णयहरु प्राथमिकताको आधारमा कमशःकार्यान्वयन गरेको पाईयो ।

**तपसिल**

| क्र.स | समिति तथा उपसमिति | बैठक संख्या |
|---|---|---|
| १ | संचालक समितिको बैठक | ८ पटक |
| २. | लेखा सुपरिवेक्षण समिति | ४ पटक |
| २ | ऋण सचिवालयको बैठक | १२ पटक |
| ३ | ऋण-उपसमिति/व्यवस्थापन कार्यदलसंग | २० पटक+ ३१ पटक |
| ४ | खरिद-उपसमिति | ५ पटक |
| ५ | पदपूर्ति उप-सामिति | १ पटक |
| ६ | कार्य विधि निर्माण उप-समिति | १ पटक |
| ७ | शिक्षा तथा तालिम उप समिति | ३ पटक |
| ८ | साधारण सभा व्यवसथापन उप समिति | १ पटक |

## ३.ऋण लगानीको प्रकिया ,ऋणबापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था :

संस्थामा प्राप्त ऋण निवेदनउपर सुचिकृत प्राविधिक,सम्बन्धित कर्मचारी र जिम्मेवारी प्राप्त उप समितिका सदस्यद्वारा स्थलगत रुपमा धितो तथा परियोजना निरिक्षण गर्ने गरेको पाईयो । निरिक्षण पश्चात मूल्याङ्कन प्रतिवेदनका आधारमा संचालक समिति,ऋण उपसमिति,उच्च व्यवस्थापन समुह र व्यवस्थापकले आफ्नो क्षेत्राधिकार भित्रको ऋण निर्णय गरि कार्यालयबाट धितो बन्धक तथा रोक्का राखी लगानी गरेको पाईयो । संस्थाले रु.३,००,०००।-(अक्षरेपी तिन लाख मात्र) सम्म बचत निक्षेप खाता रोक्का राखी तथा समुह जमानतमा ऋण लगानी गर्ने गरेको देखिन्छ । हाल सम्मको ऋण लगानी तथा धितोका अवस्था हेर्दा धितोबापत राखिएको सम्पत्तिहरु सुरक्षित देखिन्छ ।

संस्थाको ऋण बिभागबाट प्राप्त जानकारीबमोजिम अघिल्लो आ.व को समीक्षा अवधिमा ऋण लिने सदस्य ६२२ जना देखिन्छ भने ८४ जना सदस्यको ऋण भाखा नाघेको सीमा देखिन्छ । आ.व. २०७९।८० को तुलनामा ऋण लिने सदस्य सख्या ८९ जनाले घटेको छ । वित्तिय बजारमा देखिएको मन्दी र लगानी वातावरण प्रतिकुलताको कारण ऋण लगानी घटेको देखिन्छ । हाल संस्थामा कुल सम्पत्तिमा शुद्ध ऋणको अनुपात भने ७३।६९ प्रतिशत देखिन्छ । यस संस्थामा असारमसान्तमा कुल ऋणमा ४।७६ प्रतिशत भाखा नाघेको ऋण रहेको पाईयो ।

## ४.यस अवधिमा भएका मुख्य कार्यक्रम तथा गतिविधिहरुको समिक्षा :

आ.व २०८०।८१ अवधिमा सामाजिक उत्तरदायित्वअर्न्तगत संस्थाले निकै कार्यहरु सम्पन्न गरेको छ । संस्थामा तरलता बृद्धि गर्न बचतको प्रोडक्टहरुमा रहेको सुबिधाहरु संशोधन गरी संस्थाको बचत बृद्धि गरेको छ ।संस्थाले सदस्य सेवा सुबिधा कार्यविधिमा समाबेश रहेको सुबिधाहरु प्रदान गर्न योग्य र मापदण्ड पालना गर्ने सदस्यलाई राहत वितरण, करिव ८० जना भन्दा माथि सदस्यलाई वित्तिय साक्षरता तथा सहकारी शिक्षा जस्ता कार्यक्रमहरु गरेको छ । समग्रमा भन्नु पर्दा यस वर्ष सम्पन्न कार्यक्रमहरुले संस्थाको गरिमालाई उच्च बनाएको र संस्थालाई समुदायमा परिचित र स्थापित गराएको पाईयो ।

## ५.सहकारी बिभागबाट जारी गरिएका मापदण्डहरुको पालना सम्बन्धी संक्षिप्त विवरण :-

५.१ सहकारी ऐन २०७४,सहकारी नियमावली २०७५ तथा सहकारी बिभागको नीति,निर्देशनलगायत विभागद्वारा जारी गरिएका अन्य मापदण्डहरुको पालना गर्दै आएको पाईयो ।

५.२ आर्थिक सूचनाहरुलाई COPOMIS SYSTEM तथा सहकारी महासंघको निर्देशन अनुरुप सहकारी विभाग तथा नियमक निकायमा पठाईएको पाईयो । साथै पालना गरेको विवरणहरु COPOMIS SYSTEM को माध्यमबाट जानकारी गर्ने गरेको पाईयो ।

५.३ ऋणी सदस्यहरुलाई समयमा नै ऋण चुक्ता गर्नका लागि विशेष निर्देशन र मार्गदर्शन जारी गरेको छ साथै सहकारीको केन्द्रिय संघबाट जारी मार्गदर्शनलाई समेत जानकारी गराएको छ । संस्थाले यस सम्बन्धमा सञ्चालक समिति र कर्मचारी व्यवस्थापनलाई जानकारी गराई सो सम्बन्धी आवश्यक कदम चालेको पाईयो । साथै समयमा ऋणको साँवा तथा किस्ता चुक्ता नगर्ने सदस्यहरुलाई रजिष्ट्रारको कार्यालयबाट प्राप्त निर्देशनको छाँया कपिसमेत प्रदान गरी जानकारी गराईएको र संस्थाको Social Media हरुको माध्यमबाट सार्वजानिक सूचना गरी जानकारी गराईएको पाईयो ।

## ६.स्थानिय सहकारी विभाग वा सम्बन्धित अन्य निकायले अनुगमन गरी दिईएको सुझावहरु कार्यान्वयन सम्बन्धी विवरण:-

स्थानिय सरकारको सहकारी बिभागद्वारा कुनै पनि किसिमको अनुगमन नभएको पाईयो तर नेफस्कून,राष्ट्रिय सहकारी बैक, साना किसान लघुबित्त वित्तिय संस्थाद्वारा अनुगमन भएको र ती निकायहरुले दिईएका सुझावहरु कार्यान्वयन गरिएको पाईयो ।

## ७. पदाधिकारीहरुको पारिश्रमिक ,भत्ता र अन्य सुबिधाहरुको विवरण :-

**७.१ पारिश्रमिक :-** संस्थाको आर्थिक नियमावलीमा पदाधिकारीहरुको पारिश्रमिक नतोकिएको र नलिएको पाइयो ।

**७.२ भत्ता :-**संस्थाको समिति,लेखा सुपरिवेक्षण समिति,अन्य उपसमितिहरु नियमानुसार नियमित बैठक बस्ने गरेको र संस्थाको आर्थिक नियामवलीमा बैठक भत्ता तोकिएको भएता पनि हालसम्म ती सुविधाहरु कुनै पनि पदाधिकारीहरुले नलिएको पाईयो ।

**७.३ अन्य सुविधाहरु:-** संस्थाको कुनै पनि पदाधिकारीहरुले अन्य कुनै पनि सुबिधाहरु नलिएको पाईयो ।

## ८.कर्मचारी प्रशासन सम्बन्धी व्यवस्था :

**८.१ कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याईएको वा नल्याईएको :** प्रयोगमा ल्याईएको पाईयो ।

**८.२ कर्मचारीहरुको संख्या :** संस्थामा तपशिल बमोजिका कर्मचारीहरु कार्यरत भएको पाईयो ।

| क.म | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १. | कार्यालय व्यस्थापन तथा प्रशासन | ४ जना | ५ जना | ९ जना |
| २. | बजार प्रतिनिधि | ६ जना | - | ६ जना |
| जम्मा | | १० जना | ५ जना | १५ जना |

**८.३ कार्यरत कर्मचारीहरु र कार्य-बोझबीच तादम्यता भएको वा नभएको :** संस्थाको कारोबारको आकार अनुसार कर्मचारीहरुको कार्यभारबिच तादम्यता मिलेको पाईयो । संस्थाको प्रधान कार्यालय,सेवाकेन्दहरुमा रहेको कर्मचारीहरुलाई समय समयमा आवश्यकता बमोजिम कार्य स्थान परिवर्तन गरी कार्यबोझ मिलाउने गरेको पाईयो ।

**८.४ कर्मचारीहरुको क्षमता अभिबृद्धि तालिम संचालन :** कर्मचारीहरुको बृत्ति बिकास तथा क्षमता अभिबृद्धिका लागि संस्थाले आन्तरिक रुपमा व्यवस्थापकद्वारा कर्मचारीहरुको लागि समयसापेक्ष तालिम संचालन गर्ने गरेको पाईयो । यसै गरी कर्मचारीहरुलाई विभिन्न स्थानिय,राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायद्वारा संचालित तालिम,गोष्ठी कार्यक्रमहरुमा बिना भेदभाव क्षमता अभिबृद्धिको लागि पठाईएको पाईयो ।

## ९.लेखा समितिले दिईएको सुझावहरुको कार्यान्वयनको अवस्था :

लेखा समितिले विभिन्न समयमा सञ्चालक समितिमार्फत विभिन्न सुझावहरु दिईएकोमा उक्त सुझावहरुलाई सहज रुपमा ग्रहण गरेको पाईयो । सञ्चालकमार्फत व्यवस्थापनतर्फ दिईएको सुझावहरु समेत कार्यान्वयन भएको विवरण हामीले बैठकको समयमा पाएका छौं । ऋण असुलीतर्फ दिईएको सुझावहरुका सन्दर्भमा कतिपय सदस्यहरुले आर्थिक मन्दीका कारण व्यापार व्यवसायमा भएको सुस्तताका कारण किस्ता तथा व्याज नियमित गर्न नसकेको भनी भाखा नाघेको ऋण असुलीमा लक्ष्य बमोजिम प्रगति हासिल हुन सकेको छैन । सदस्यसम्बन्ध बिस्तार तथा संस्थालाई आवश्यक अन्य उप समिति गठनको प्रकृयाहरुमा ढिला सुस्ती गरिएको पाईयो ।

## १०.लेखा समितिले उल्लेख गर्न चाहेको अन्य विवरण:

१०.१ लेखाको हिसाव प्रचलित दाहोरो लेखा प्रणाली तथा आधनिक सफ्टवेयर (कोर बैकिङ्ग प्रणली)को माध्यमबाट स्पष्टसंग राखिएको पाईयो । साथै कर्मचारी व्यवस्थापन सफ्टवेयरको प्रयोग गरी कर्मचारीको सेवा सुबिधा लगायत कर्मचारी सम्बन्धित सम्पूर्ण विवरण स्पष्टसंग राखिएको पाईयो ।

१०.२ संस्थाको बाह्य लेखा परीक्षण Nepal Financial Reporting Standards (NFRS) अनुरुप गरिएको र स्थीर सम्पत्ति मूल्यमा यस बर्ष नेपाल Nepal Financial Reporting Standards

(NFRS) अनुसार ह्रासकट्टी गरी खुद रकम देखाईएको छ भने लेखा सम्बन्धी शिर्षकहरु लेखा नीतिअन्तर्गत रही स्पष्टसंग राखिएको छ ।

१०.३ सहकारी बिभागबाट जारी सम्पत्ति शुद्धिकरण निवारण निर्देशनका बमोजिम कार्यान्वयन अधिकारीको व्यवस्था गरिएको छ । कार्यान्वयन अधिकारी सिमा कारोबार प्रतिवेदन/शंकास्पद कारोबार प्रतिवेदनहरु नियमित रुपमा सम्बन्धित निकायमा पठाउने गरेको र हरेक ६/६ महिनामा संचालक समितिमा छलफल गर्ने गरिएको छ ।

१०.४ संस्थामा भए गरेका गतिविधिहरु र सदस्यहरुको गुनासो व्यवस्थापन गर्ने कार्यको लागि सूचना तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ र गुनासो दर्ता गर्ने रजिष्टर खडा गरिएको छ ।

१०.५ संस्थाको सम्पूर्ण सदस्यको व्यक्तिगत सूचना तथा वित्तिय विवरण कोपोमिस (COPOMIS SYSTEM ) मार्फत नै प्रतिवेदनहरु पठाउने गरेको पाईयो । यसैगरी अधिकांश सदस्यको सदस्य पहिचान फारम (Know Your Member-KYM) भरी व्यवस्थित गरेको पाईयो ।

१०.६ आयकर ऐन बमोजिम संस्थाले बुझाउनुपर्ने सबै प्रकारको करहरु समयमा नै दाखिला गरी E-DTS समेत गरेको पाईयो ।

१०.७ पर्ल्स (PEARLS)अनुगमन बमोजिम हिसाव परिक्षणमा संस्थाको अधिकाशं सूचांकहरु सकरात्मक रहेको छ । संस्थाको वित्तीय स्वास्थ्य परिक्षण गर्न कर्मचारी व्यवस्थापनले मासिक,त्रैमासिक र बार्षिक रुपमा पर्ल्स विश्लेषण गरी सञ्चालक समितिमा पेश गर्ने गरेको पाईयो ।

१०.८ सहकारी विभागको मासिक रुपमा संस्थाको वित्तिय विवरण प्रकाशन गर्न गरेको निर्देशन बमोजिम संस्थाले प्रत्येक महिना समाप्त भएको ७ दिन भित्र वित्तिय विवरण सार्वजानिक गर्ने गरेको पाईयो ।

१०.९आन्तरिक लेखा परिक्षणका क्रममा सोधनी भएका कुराहरु व्यवस्थापनबाट स्पष्ट रुपमा जानकारी प्राप्त भएको र संस्थाको प्रधान कार्यालय र सेवाकेन्द्रहरुको अन्तर सम्बन्ध र व्यवस्थापन चुस्त रहेको पाईयो ।

१०.१० संञ्चालन बचत (नाफा) भएको रकमलाई विनियम अनुसार बाँडफाँड गरिएको छ र बाँडफाँड गरी बाँकी रहेको रकम आर्थिक बर्षको अन्त्यमा जगेडाकोषमा रकमान्तरण गर्ने गरिएको छ ।

१०.११ सञ्चालक समितिले आवश्यकतानुसार लेखा सुपरिवेक्षण समितिलाई संयुक्त बैठकमा आमन्त्रण गरी आफ्ना राय सुझावहरु प्रस्तुत गर्ने एवम् जानकारी लिने अवसर प्रदान गरेको छ ।

१०.१२ व्यवस्थापकले संस्थाको आर्थिक प्रशासन आन्तरिक कार्यविधि र स्वीकृत बजेटको अधिनमा रही खर्च गर्ने गरेको पाईयो ।

१०.१३ संस्थाले ऋण जोखिम कोषको लागि आवश्यक शतप्रतिशत रकम ऋण नोक्सानी कोषमा व्यवस्थापन गरेको पाईयो ।

१०.१४ नेपाल बचत तथा ऋण सहकारी संघ लि.ले सञ्चालन गरेको जोखिममा आधारित साकोस सुपरिवेक्षण (CURBS) कार्यक्रमले संस्थागत विकासमा टेवा पुगेको देखिन्छ ।

## ११ तुलनात्मक आर्थिक विवरण :-

संस्थाको आ.व २०८०।२०८१ लक्ष्य अनुरुपको आर्थिक उपलब्धीहरुको विवरण :

| क्र.स | विवरणहरु | अघिल्लो योजनाको | | |
|---|---|---|---|---|
| | | लक्ष्य | उपलब्धीहरु | उपलब्धि प्रतिशत |
| १. | सदस्य वृद्धि | ५,९२६।- | ६,०१२।- | १०१।४५ % |
| २. | शेयर पूँजी वृद्धि | २८,५००,०००।- | २७,८३७,०००।- | ९७।६७ % |

| | | | | |
|---|---|---|---|---|
| ३ | बचत/निक्षेप वृद्धि | १३७,९५८,६१९।०१ | १५०,३६७,३००।४१ | १०८।९९ % |
| ४. | ऋण लगानी वृद्धि | २०६,७७२,२४०।४६ | १८३,७०९,४२५।४२ | ८८।८५ % |
| ५. | वित्तिय लगानीमा वृद्धि | १,२००,०००।०० | १,१६७,४००।- | ९७।२८ % |
| ६ | कूल संस्थागत पूँजीमा वृद्धि | १४,३७३,८०९।४५ | १२,४९६,०८५।८२ | ८६।९४ % |
| ७ | कूल स्थिर सम्पत्तिमा वृद्धि | ५,३२५,८७९।०६ | ४,६८८,४६१।७६ | ८८।०३ % |
| ८ | कूल बाह्य ऋणमा वृद्धि/कमी | ५०,३९७,५९५।४४ | २८,६५३,०१८।३३ | ५६।८५ % |
| ९ | कूल अन्य कोषमा वृद्धि | ६,९४१,६८९।१७ | ५,१८९,६३४।९३ | ७४।७६ % |
| १० | कूल सम्पत्तिमा वृद्धि | २४८,९८९,०७५।९६ | २३७,३९९,२१८।१३ | ९५।३५ % |
| ११ | कूल मुनाफा वृद्धि | ७,६५०,१२६।०० | ४,४५९,५६७।८२ | ५८।२९ % |

**१२.लेखा समितिको सुझावहरुः**

११.२ संस्थाले समयसापेक्ष अन्य उप-समितिको निर्माण गर्नु पर्ने जस्तैः-अतिथि सत्कार तथा सामाजिक मामिला उप-समिति, सेवाकेन्द्र संचालन उप-समिति, सामाजिक उत्तरदायित्व बहन उप-समिति,कानुनी सल्लाहकार उप-समिति,कार्यसम्पादन मूल्याङ्कन उप-समिति आदि ।

११.३ संस्थाले कर्जाको जोखिमलाई न्यूनिकरण गर्नको लागि मासिक रुपमा किस्ता असुलउपर गर्न विभिन्न किसिमका कर्जा असुली योजनाहरु ल्याई यथाशिघ्र कार्यन्वयन गर्नुपर्ने देखिन्छ ।

११.४ संस्थाको परिकल्पनाबमोजिम सदस्य सन्तुष्टिलाई ध्यान दिदै सहकारी निर्माण गर्न आवश्यक रणनितिहरु तयार गरी लागु गर्न बिशेष ध्यान दिनुपर्ने देखिन्छ ।

११.५ हालको वित्तीय बजारमा सहकारीप्रति हेर्ने दृष्टिकोण सकरात्मक हुन नसकेको सन्दर्भमा सम्पूर्ण सदस्य महानुभावहरु संस्थाको सवल पक्षहरुको वकालत गर्दै संस्थाको गरिमा र साखलाई थप मजबुद बनाउन आ-आफ्नो स्थानबाट भूमिका निर्वाह गर्न हार्दिक अपिल गर्दछौं ।

११.६ संस्थाको गतिविधिलाई स्वतन्त्र रुपमा मूल्यांकनको लागि सामाजिक परिक्षण र सिस्टम परिक्षण गर्न यथाशिघ्र व्यवस्था मिलाउन व्यवस्थापनलाई सुझाव दिईन्छ ।

११.७ संस्थामा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्ने र कार्यसम्पादन मूल्याङ्कनको आधारमा कर्मचारीको तह निर्धारण गर्न सुझाव दिईन्छ ।

११.८ सदस्य सम्बन्ध बिस्तारको लागि साधारण सभा अगवै सदस्यसंग अन्तरक्रियात्मक तथा छलफल कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

अन्त्यमा,विश्व अर्थतन्त्रमा देखा परेको आर्थिक मन्दीको असर हाम्रो देशको अर्थतन्त्रमा पनि परेर सर्वबिदितै छ यस आर्थिक संकटमा पनि संचालक समिति,अन्य उपसमितिहरु तथा कर्मचारीहरुले संस्थाको हितमा रही गरेको कामप्रति हामी सन्तुष्ट छौ र आगामी दिनहरुमा अझै सवल र सक्रिय हुदै सहकारीको मूल्य-मान्यता,ऐन,कानुन,कार्यविधिलाई आत्मसाथ गर्दै निरन्तर प्रगतिको पथमा अगाडी बढनेछ भन्ने बिश्वास गर्दछु साथै सवल र समृद्ध सहकारी निर्माणमा शेयरधनी महानुभावहरुको पनि उतिकै साथ,सहयोग,सद्भाव र सहभागिताको अपेक्षा गर्दछु ।

**॥ जय सहकारी ,जय सेवा शुभारम्भ ॥**

**॥ धन्यबाद ॥**

ईति सम्वत २०८१ पौष २० गते रोज ०७ शुभम् !!

# सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

निजगढ, बारा

## वित्तिय स्थिति विवरण

३१ आषाढ २०८१

| विवरण | लेखा टीप्पणी | यस वर्षको रकम रु | गत वर्षको रकम रु (संशोधित) |
|---|---|---|---|
| **पूंजी तथा दायित्वहरु:** | | | |
| **पूंजी तथा कोषहरु:** | | | |
| शेयर पूंजी | ४ | २७,८३७,०००।०० | २७,९४०,९००।०० |
| साधारण जगेडा कोष | ५ | १३,४३४,३४१।३५ | १०,४८०,५११।७९ |
| अन्य बैधानिक कोषहरु | ६ | ४,००७,५०८।९२ | ६,१२८,८५२।९१ |
| **जम्मा पूंजी तथा कोषहरु (क)** | | **४५,२७८,८५०।२७** | **४४,५५०,२६४।६९** |
| **दायित्व:** | | | |
| **गैर चालु दायित्व:** | | | |
| बचत तथा निक्षेप | ७ | १५०,३६७,३००।४१ | १२०,१३५,१३८।४५ |
| ऋण र सापटी | ८ | ०।०० | ०।०० |
| स्थगन कर दायित्व | ९ | १,२४६।८४ | ०।०० |
| **जम्मा गैर चालु दायित्व (१)** | | **१५०,३६८,५४७।२५** | **१२०,१३५,१३८।४५** |
| **चालु दायित्व:** | | | |
| भुक्तानी दिनुपर्ने हिसाव | १० | ३,८५९,८०२।३५ | ३,३६५,९०७।२२ |
| ऋण र सापटी | ८ | २८,६५३,०१८।३३ | ४९,०६४,१४०।७९ |
| आयकर दायित्व | ११ | ५०,६५८।९४ | ०।०० |
| **जम्मा चालु दायित्व (२)** | | **३२,५६३,४७९।६२** | **५२,४३०,०४८।०१** |
| जम्मा कोष तथा दायित्व (ख) १+२ | | १८२,९३२,०२६।८६ | १७२,५६५,१८६।४६ |
| जम्मा कोष तथा दायित्व (क+ख) | | २२८,२१०,८७७।१३ | २१७,११५,४५१।१५ |
| **सम्पत्ति:** | | | |
| **गैरचालु सम्पत्ति:** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरण | १२ | ४,५३३,६५०।२५ | ४,६७३,५९४।०२ |
| अदृश्य सम्पत्ति | १३ | १४१,१३७।७४ | २११,७०६।६१ |
| लगानी हिसाव | १४ | १,१६७,४००।०० | १,०७६,०००।०० |
| सदस्य ऋण लगानी | १५ | १७४,९४७,७६३।२३ | १७७,८५६,१४१।८७ |
| स्थगन कर सम्पत्ति | ९ | ०।०० | ०।०० |
| **जम्मा गैर चालु सम्पत्ति (क)** | | **१८०,७८९,९५१।२२** | **१८३,८१७,४४२।५०** |
| **चालु सम्पत्ति:** | | | |
| अन्य लगानी (गैर बैकिंग सम्पत्ति) | १६ | ०।०० | ०।०० |
| पाउनुपर्ने हिसाब | १७ | ४,५२४,१८९।८८ | ३,५५४,८८०।८४ |
| नगद तथा बैंक मौज्दात | १८ | ४२,८९६,७३६।०३ | २९,७४३,१२७।८१ |
| **जम्मा चालु सम्पत्ति (ख)** | | **४७,४२०,९२५।९१** | **३३,२९८,००८।६५** |
| जम्मा सम्पत्ति (क)+(ख) | | २२८,२१०,८७७।१३ | २१७,११५,४५१।१५ |

इक्विटीमा भएको परिवर्तन, लेखा नीति तथा टिप्पणीहरु यसैसाथ संलग्न छन ।

लेखा टिप्पणीहरु यसको अभिन्न अंग हुनेछन ।

हाम्रो आजको मितिमा संलग्न प्रतिवेदन अनुसार

लेखा समिति संयोजक | व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

अध्यक्ष

B. R. Sharma & Co.
COP - 3272
Reg. - 2741
Estd - 059/60
Pan No. 3013...

# सेवा शुभाम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

निजगढ, बारा

आय विवरण

आ.व. २०८०/०८१

| विवरण | लेखा टीप्पणी | यस वर्षको रकम रु | गत वर्षको रकम रु (संशोधित) |
|---|---|---|---|
| ऋण लगानीबाट व्याज आम्दानी | १९.१ | २९,६२९,३७०।०९ | २७,६०८,०३७।९३ |
| बचतमा व्याज खर्च | २०.१ | १६,९८२,४०४।३३ | १६,२२७,७३५।४० |
| **खुद आम्दानी** | | **१२,६४६,९६५।७६** | **११,३८०,३०२।५३** |
| बैंक व्याज आम्दानी | १९.२ | ७१३,९१७।१४ | ५७८,२४८।५५ |
| अन्य आम्दानी | १९.३ | २,२८२,०३४।८९ | ३,१२८,९०६।२७ |
| ऋण जोखिम कोष व्यवस्थाबाट फिर्ता | १५.२ | ०।०० | ०।०० |
| **कुल सञ्चालन आम्दानी** | | **१५,६४२,९१७।७९** | **१५,०८७,४५७।३५** |
| कर्मचारी खर्च | २०.२ | ४,६२२,१५६।०० | ४,०२९,३८२।०० |
| प्रशासनिक खर्च | २०.३ | ३,३५५,८१७।५० | ३,०४६,८५६।४१ |
| मर्मत तथा सम्भार खर्च | २०.४ | १५०,२५५।०० | २३९,४८१।४५ |
| ऋण जोखिम कोष व्यवस्थामा थप | १५.२ | २,३६१,६१८।५० | ५३२,०६३।६५ |
| ह्रासकट्टी तथा परिषोधन खर्च | १२, १३ | ४६८,९६२।६४ | ५४१,८७२।७२ |
| **जम्मा खर्च** | | **१०,९५८,८०९।६४** | **८,३८९,६५६।२३** |
| **सञ्चालन नाफा (वा नोक्सान)** | | **४,६८४,१०८।१५** | **६,६९७,८०१।१२** |
| गैर संञ्चालन आम्दानी | | ०।०० | ०।०० |
| गैर संञ्चालन खर्च | | ०।०० | ०।०० |
| कर्मचारी बोनस व्यवस्था | | ०।०० | ०।०० |
| **आयकर अघिको मुनाफा (वा नोक्सान)** | | **४,६८४,१०८।१५** | **६,६९७,८०१।१२** |
| आयकर खर्च | | ४६८,४१०।८१ | ३३४,८९०।०६ |
| यस वर्षको आयकर व्यवस्था | ८ | ४६७,१६३।९८ | ३३४,८९०।०६ |
| विगत वर्षसम्मको कर व्यवस्था | | ०।०० | ०।०० |
| यस वर्षको स्थगन कर आम्दानी (खर्च) | ५ | (१२४६।८४ | ०।०० |
| **खुद मुनाफा (वा नोक्सान)** | | **४,२१५,६९७।३३** | **६,३६२,९११।०६** |

लेखा समिति संयोजक | व्यवस्थापक | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक

अध्यक्ष

COP - 3272 B
Reg. - 2715
Estd - 059/60
Pan No. 301344227

# सेवा शुभाम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

निजगढ, बारा

लेखा टीप्पणी ४

शेयर पुजी हिसाब

| क्र सं | शेयर सदस्यहरु | गत वर्षको रकम रु |  | यस वर्ष थप भएको |  | यस वर्षको रकम रु |  |
|---|---|---|---|---|---|---|---|
|  |  | संख्या | रकम रु | संख्या | रकम रु | संख्या | रकम रु |
| १ | प्राकृतिक व्यक्तिहरु | ५७६६ | २७,९४०,९००।०० | [illegible]२४० | ( १०३,९००।०० | ६००६ | २७,८३७,०००।०० |
| २ | अन्य |  |  |  |  |  |  |
| जम्मा |  |  | २७,९४०,९००।०० |  | ( १०३,९००।०० | ६००६ | २७,८३७,०००।०० |

लेखा टीप्पणी ५

साधारण जगेडा कोष

| क्र सं | विवरण | प्रतिशत | गत वर्षको | यस वर्ष खर्च | यस वर्ष थप | अन्य कोषहरुबाट | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|
| १ | साधारण जगेडा कोष | २५ | १०,४८०,५११।७९ | ०।०० | १,०५३,९२४।३३ | १,८९९,९०५।२३ | १३,४३४,३४१।३५ |
| जम्मा |  |  | १०,४८०,५११।७९ | ०।०० | १,०५३,९२४।३३ | १,८९९,९०५।२३ | १३,४३४,३४१।३५ |

लेखा टीप्पणी ६

अन्य बैधानिक कोषहरु

| क्र सं | विवरण | प्रतिशत | गत वर्षको रकम रु | यस वर्ष खर्च | यस वर्ष थप | जगेडाकोषमा सारिएको | यस वर्षको रकम रु |
|---|---|---|---|---|---|---|---|
| १ | संरक्षित पुजी कोष | २५ | १,१९३,०४५।८२ | १,१९३,०४५।८२ | ७९०,४४३।२५ | ०।०० | ७९०,४४३।२५ |
| २ | सहकारी प्रवर्द्धन कोष | ०।०५ | २३,८६०।९२ | ०।०० | १५,८०८।८७ | ०।०० | ३९,६६९।७८ |
| ३ | अन्य कोषहरु |  |  |  |  |  |  |
| ३.१ | शेयर लाभांश कोष | ५० | १,७७७,६३८।२८ | १,७७७,६३८।२८ | १,१७७,७६०।४४ | ०।०० | १,१७७,७६०।४४ |
| ३.२ | सामाजिक विकास कोष | ५ | १७७,७६३।८३ | १२,०००।०० | ११७,७७६।०४ | १६५,७६३।८३ | ११७,७७६।०४ |
| ३.३ | कर्मचारी बोनस कोष | १० | ३५५,५२७।६६ | ३५५,५२७।६६ | २३५,५५२।०९ | ०।०० | २३५,५५२।०८ |
| ३.४ | सहकारी शिक्षा तथा तालिम कोष | १० | १,०६८,०८६।०९ | ४५,०००।०० | २३५,५५२।०९ | १,०२३,०८६।०९ | २३५,५५२।०९ |
| ३.५ | संस्था विकास कोष | ५ | १७७,७६३।८३ | ०।०० | ११७,७७६।०४ | १७७,७६३।८३ | ११७,७७६।०४ |
| ३.६ | घाटापूर्ति कोष | ५ | ८२१,८७५।०१ | ०।०० | ११७,७७६।०४ | ०।०० | ९३९,६५१।०५ |
| ३.७ | डुवन्त ऋण कोष | ५ | १७७,७६३।८३ | ०।०० | ११७,७७६।०४ | १७७,७६३।८३ | ११७,७७६।०४ |
| ३.८ | स्थिरीकरण कोष | ५ | १७७,७६३।८३ | ०।०० | ११७,७७६।०४ | १७७,७६३।८३ | ११७,७७६।०४ |
| ३.९ | जोखिम व्यवस्थापन कोष | ५ | १७७,७६३।८३ | ०।०० | ११७,७७६।०४ | १७७,७६३।८३ | ११७,७७६।०४ |
| जम्मा |  |  | ६,१२८,८५२।९१ | ३,३८३,२११।७६ | ३,१६१,७७३।०० | १,८९९,९०५।२३ | [illegible] |

# सेवा शुभाम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

निजगढ, बारा

लेखा टिप्पणी १९

## ब्याज आम्दानी

लेखा टिप्पणी १९.१

आ. व. २०८०।०८१

| क्र. सं. | विवरण | यस वर्षको रकम रु. | गत वर्षको रकम रु. |
|---|---|---|---|
| ३.१ | **प्रत्यक्ष आम्दानी** | | |
| | लगानी ब्याज | २८,५२०,४६३।८३ | २६,०९१,६९८।८६ |
| | लगानी हर्जाना | १,१०८,९०६।२६ | १,५१६,३३९।०७ |
| ३.२ | बैंक ब्याज | ७१३,९१७।१४ | ५७८,२४८।५५ |
| | **जम्मा प्राप्त ब्याज आम्दानी** | **३०,३४३,२८७।२३** | **२८,१८६,२८६।४८** |

## अन्य आम्दानी

लेखा टिप्पणी १९.३

आ. व. २०८०।०८१

| क्र. सं. | विवरण | यस वर्षको रकम रु. | गत वर्षको रकम रु. |
|---|---|---|---|
| | प्रवेश तथा अन्य शुल्क | ५,७१०।०० | ६७,१३२।८८ |
| | व्यवस्थापन शुल्क | १,१८२,६५४।७७ | १,३३१,७५१।४८ |
| | रिचार्ज कमिशन | १०५,३११।५१ | १०३,८००।३४ |
| | चेक तथा पासबुक आम्दानी | ४,१००।०० | २,५५०।०० |
| | निवेदन शुल्क | १२४,६२५।२८ | १५३,३४६।९४ |
| | खाता वन्दि शुल्क | ५२,१५१।८८ | १२७५८।५० |
| | रेमिट आम्दानी | ६३७,३६९।५४ | १,०९६,२५५।५३ |
| | जग्गा मुल्यांकन शुल्क | १३०,०००।०० | १३३,०२५।०० |
| | लाभांश आम्दानी | ०।०० | २००,५१७।६० |
| | विमा कमिशान आम्दानी | ३,०८५।०० | ०।०० |
| | विविध आम्दानी | ३७,०२६।९१ | २७,७६८।०० |
| | **विविध आम्दानी जम्मा** | **२,२८२,०३४।८९** | **३,१२८,९०६।२७** |

अध्यक्ष

B. R. Sharma & Co.

301344227

# सेवा शुभाम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

निजगढ, बारा

## कुल खर्च विवरण

लेखा टिप्पणी २०

आ· व· २०८०।०८१

व्याज खर्च

लेखा टिप्पणी २०·१

| क्र· सं· | विवरण | यस वर्षको रकम रु· | गत वर्षको रकम रु· |
|---|---|---|---|
| १ | बचतमा व्याज खर्च | ४,९५२,७८४।२१ | १०,४०८,२२०।६३ |
| २ | बाह्य ऋणमा व्याज खर्च | १२,०२९,६२०।१२ | ५,८१९,५१४।७७ |
| | जम्मा व्याज खर्च | १६,९८२,४०४।३३ | १६,२२७,७३५।४० |

कर्मचारी खर्च

लेखा टिप्पणी २०·२

| क्र· सं· | विवरण | यस वर्षको रकम रु· | गत वर्षको रकम रु· |
|---|---|---|---|
| १ | तलब र ग्रेड | ३,८२३,४४९।०० | ३,३९१,८५७।०० |
| २ | दशै खर्च | १७७,४४५।०० | १६५,६४५।०० |
| ३ | सामाजिक सुरक्षा कोष | ४१७,८६०।०० | ३६७,६००।०० |
| ४ | पोशाक खर्च | ११६,५५०।०० | १०४,२८०।०० |
| ५ | कर्मचारी अन्य सुविधा | ८६,८५२।०० | ०।०० |
| | जम्मा कर्मचारी खर्च | ४,६२२,१५६।०० | ४,०२९,३८२।०० |

कार्यालय सञ्चालन खर्च

लेखा टिप्पणी २०·३

| क्र· सं· | विवरण | यस वर्षको रकम रु· | गत वर्षको रकम रु· |
|---|---|---|---|
| १ | मसलन्द तथा छपाई | १९५,५११।०० | ३०९,३९२।०० |
| २ | भ्रमण खर्च | ९४,३००।०० | ८४,६७०।०० |
| ३ | घरभाडा | ६९०,७८०।८० | ५४३,१४४।०० |
| ४ | लेखापरीक्षण शुल्क | १००,०००।०० | १००,०००।०० |
| ५ | साधारणसभा खर्च | ३४९,५७५।०० | २९१,७२५।०० |
| ६ | टेलिफोन तथा संचार | ५६,५००।०० | ५३,७००।०० |
| ७ | पानी तथा विद्युत | १४३,८१९।०० | १२४६७८।०० |
| ८ | कर्भ्स कार्यक्रम खर्च | ३५०००।०० | ३५,०००।०० |
| ९ | ज्याला खर्च | ०।०० | ७,०००।०० |
| १० | मोवाईल खर्च | २४,८९०।०० | १८,५९२।०० |
| ११ | रेमिट कमिशन | ६,१२५।०० | ५,८८०।०० |
| १२ | शुभकामना विज्ञापन | ४३,३७५।०० | ४८,५३५।०० |
| १३ | सफ्टवेयर सेवा शुल्क | १३३,३४०।०० | ९२,६६०।०० |
| १४ | ऋण प्रकृयागत खर्च | ३६,१००।०० | २५६,८१०।०० |
| १५ | सम्मेलन तथा तालिम खर्च | १०,६२५।०० | १५,२८०।०० |
| १६ | खाना नास्ता खर्च | ६०,६४५।०० | ६६,६९०।०० |
| १७ | जन्मदिन शुभकामना केक | १७,९३०।०० | २२,१५०।०० |
| १८ | विमा खर्च | ३३,७१८।०० | ०।०० |
| १९ | सन्देश प्रवाह खर्च | ७४,५८०।०० | ७६,७१८।०० |
| २० | जग्गा मुल्यांकन खर्च | २०,४२०।०० | ०।०० |
| २१ | बैक शुल्क | ४,९९३।०० | २,९०४।०० |
| २२ | दर्ता तथा नविकरण | ९,५१०।०० | १६,८३१।०० |
| २३ | व्याज छुट | १,१२५,८६२।७० | ७४६,०८७।९७ |
| २४ | नविकरण तथा प्रवेश शुल्क | ०।०० | २६,१४४।०० |
| २५ | विविध खर्च | ८८,२१८।०० | १०२,२६५।४४ |
| | जम्मा | ३,३५५,८१७।५० | ३,०४६,८५६।४१ |

मर्मत सम्भार खर्च

लेखा टिप्पणी २०.४

| क्र. सं. | विवरण | यस वर्षको रकम रु | गत वर्षको रकम रु |
|---|---|---|---|
| १ | मर्मत सम्भार | १५०,२५५।०० | २३९,४८१।४५ |
| | जम्मा | १५०,२५५।०० | २३९,४८१।४५ |

खर्च सार:

| क्र. सं. | विवरण | यस वर्षको रकम रु | गत वर्षको रकम रु |
|---|---|---|---|
| १ | व्याज खर्च | १६,९८२,४०४।३३ | १६,२२७,७३५।४० |
| २ | कर्मचारी खर्च | ४,६२२,१५६।०० | ४,०२९,३८२।०० |
| ३ | प्रशासनिक खर्च | ३,३५५,८१७।५० | ३,०४६,८५६।४१ |
| ४ | मर्मत सम्भार | १५०,२५५।०० | २३९,४८१।४५ |
| ५ | ह्रास खर्च | ४६८,९६२।६४ | ५४१,८७२।७२ |
| ६ | ऋण जोखिम कोष व्यवस्था | २,३६१,६१८।५० | ५३२,०६३।६५ |
| | जम्मा खर्च | २७,९४१,२१३।९७ | २४,६१७,३९१।६३ |

अध्यक्ष

B. R. Sharma & Co.
Pan No. 301344227

# सेवा शुभाम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

बचत तथा निक्षेप

लेखा टिप्पणी ७

| क्र. सं. | विवरण | यस वर्षको रकम रु. | गत वर्षको रकम रु. |
|---|---|---|---|
| १ | १ वर्षे आवधिक वचत | ४,९१०,०००।०० | ५,३४१,५६२।३४ |
| २ | २ वर्षे आवधिक वचत | ५००,०००।०० | ६५६,१६५।५८ |
| ३ | ५ वर्षे आवधिक वचत | ४४५,४०६।७६ | ४४५,४०६।७६ |
| ४ | ३ वर्षे आवधिक वचत | २००,०००।०० | २८,०००।०० |
| ५ | ६ महिने वचत | १,१५०,०००।०० | ०।०० |
| ६ | दैनिक वचत | २६,४५०,५३४।६४ | २६,०६५,९४०।३६ |
| ७ | मासिक वचत | ११,९०९,६९२।८७ | १०,१३६,८४५।२८ |
| ८ | घर दैलो दैनिक वचत | २२,४७८,५०६।१५ | १९,२१४,२९७।३० |
| ९ | घर दैलो आवधिक वचत | १,४३१,०९५।६३ | २,८२२,०८३।०३ |
| १० | घर दैलो ऋण वचत | १,९६२,८१९।५२ | ३०४,५३१।७५ |
| ११ | गृहिणि वचत | २०९,६०७।८५ | १९४,७७३।७५ |
| १२ | पेन्सन वचत | ०।०० | ४६०,२४५।८७ |
| १३ | संचय कोष वचत | १,१३९,२४१।५९ | १,१९४,६१९।२३ |
| १४ | सापटी कोष वचत | १,२६७,६८१।५४ | १,५९६,०१३।५० |
| १५ | शेयर मासिक वचत | ४०,७२६,९६१।८१ | ३४,१२१,४६९।५३ |
| १६ | शुभारम्भ अन्य वचत | ४,९३४,८०९।६१ | २,१५०,५६९।५० |
| १७ | साप्ताहिक वचत | २९१,८६५।३४ | १९६,६००।१८ |
| १८ | वाल वचत | ७,२४२,४२३।५२ | ५,३२७,५१५।३५ |
| १९ | सेवा स्पेशल वचत | १६,२३४,८२९।९८ | ४,३२४,७९०।३६ |
| २० | कमिक वचत | २,९७२,३४९।७८ | २,९१६,४७४।२८ |
| २१ | युवा स्वरोजगार वचत | २५१,५२१।७४ | १८८,३२५।७८ |
| २२ | कर्मचारी तलव वचत | ५३०,८११।६२ | ३२४,२२५।७३ |
| २३ | योजना | ३,१२७,१४०।४६ | २,१२४,६८२।९९ |
| | **जम्मा** | **१५०,३६७,३००।४१** | **१२०,१३५,१३८।४५** |

लेखा टिप्पणी ८

ऋण र सापटी

| क्र. सं. | विवरण | यस वर्षको रकम रु. | गत वर्षको रकम रु. |
|---|---|---|---|
| १ | नेपाल सरकार | ०।०० | ०।०० |
| २ | बैंक तथा वित्तीय संस्था | ०।०० | ०।०० |
| ३ | सहकारी बैक तथा संघ संस्थाहरु | ०।०० | |
| | राष्टिय सहकारी बैक | २३,००३,०१८।३३ | २७,२८५,१६०।७९ |
| | वचत तथा ऋण सहकारी केन्द्रिय संघ लि. | ५,६५०,०००।०० | ९,५०६,२५०।०० |
| | आर एम डि सि लघुवित्त वित्तिय संस्था लि. | ०।०० | १२,२७२,७३०।०० |
| | **जम्मा** | **२८६५३०१८।३३** | **४९,०६४,१४०।७९** |

| | | | |
|---|---|---|---|
| | अल्पकालिन ऋण र सापटी | ०।०० | ०।०० |
| | दिर्घकालिन ऋण र सापटी | २८,६५३,०१८।३३ | ४९,०६४,१४०।७९ |

# सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड

निजगढ, बारा

आ.व. २०८०/०८१

लेखा टिप्पणी १४

## लगानी हिसाव

| विवरण | यस वर्षको रकम रु. | गत वर्षको रकम रु. |
|---|---|---|
| नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लिमिटेड | ६८१,०००।०० | ६८१,०००।०० |
| राष्ट्रिय सहकारी बैक | ४७६,४००।०० | ३८५,०००।०० |
| जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड | १०,०००।०० | १०,०००।०० |
| **जम्मा** | **१,१६७,४००।००** | **१,०७६,०००।००** |

लेखा टिप्पणी १५

## सदस्य ऋण लगानी

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| अपलेखित लागतमा मूल्याङ्कन गरिएको ऋण सापटी | १८३,७०९,४२५.४२ | १८४,२५६,१८५.५६ |
| **घटाउने :** हानी /नोक्सानी व्यवस्था | | |
| सामूहिक व्यवस्था | - | - |
| एकल व्यवस्था | ८,७६१,६६२.१९ | ६,४००,०४३.६९ |
| **जम्मा** | **१७४,९४७,७६३.२३** | **१७७,८५६,१४१.८७** |

**NFRS For SMEs** बमोजिमको ऋण नोक्सानी व्यवस्था गणना गर्न पर्याप्त तथ्याङ्क नभएकाले सहकारीले विभागद्वारा निर्देशन भए बमोजिम ऋण नोक्सानी व्यवस्था गर्ने नीति लिएको छ। प्रत्येक ऋण पर्याप्त धितो र धन जमानतमा मात्र लगानी भएकाले संस्थाको व्यवस्थापन **NFRS** for SMES बमोजिमको नोक्सानी व्यवस्था हाल संस्थामा कायम रहेको ऋण नोक्सानी व्यवस्था रकम भन्दा कम हुनेमा ढुक्क छ।

### १५.१ ऋणको प्रकारका आधारमा सदस्यलाई दिएको ऋण सापटीको विश्लेषण

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| व्यापार व्यवसाय ऋण | ८२,९५३,६३४।५८ | ८६,१७०,५८१।४१ |
| समुह कर्जा | १,५२७,०३१।९९ | २,१२०,४२२।११ |
| सेवा शुभारम्भ ऋण | १०,२५३,००६।६६ | १५,४४७,७२७।७८ |
| शैक्षिक कर्जा | ६७५,०००।०० | ६७५,०००।०० |
| कृषि कर्जा | १,५२८,३३९।०० | ६०५,०६७।०० |
| आवास कर्जा | २,१८९,७९२।३८ | ५,१४७,८५०।९० |
| हायर पर्चेज | १७६,९०२।०० | १,५४०,९१४।५५ |
| आवधिक बचत ऋण | १,१५५,६३४।०२ | १,४७७,९३२।२९ |
| विविध | ८३,२५०,०८४।७९ | ७१,०७०,६८९।५२ |
| **जम्मा** | **१८३,७०९,४२५.४२** | **१८४,२५६,१८५.५६** |

### १५.२ सदस्यलाई दिएको ऋण सापटीमा हानी/नोक्सानी व्यवस्था

| विवरण | यस वर्षको | गत वर्षको |
|---|---|---|
| **व्यवस्था** | | |
| श्रावण १ को मौज्दात | ६,४००,०४३.६९ | ५,८६७,९८०.०४ |
| यस वर्षको हानी नोक्सानी | - | |
| ऋण नोक्सानीको जोखिम व्यवस्था/(फिता) | २,३६१,६१८.५० | ५३२,०६३.६५ |
| अपलेखन | | |
| **असार अन्त्यको मौज्दात** | ८,७६१,६६२.१९ | ६,४००,०४३.६९ |
| **हानी नोक्सानीको लागि जम्मा व्यवस्था** | ८,७६१,६६२.१९ | ६,४००,०४३.६९ |

B. R. Sharma & Co.
COP-3272
Reg.-2715

दर्ता नं.०१/०७५/०७६ निजगढ नगरपालिका (बारा)

# के तपाई

## सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्थाको

## सदस्य हुनुमा गौरवान्वीत हुनुहुन्छ ?

## यदि हुनुहुन्छ भने........................................

१) तपाईंको मसिक नियमित बचत छुटेको त छैन ?
२) तपाईंले लिनु भएको ऋणको किस्ता नाघ्यो की ?
३) संस्थामा दिनुपर्ने कागजात छुट्को छ की ?
४) साधारण सभाबाट भएको निर्णयहरु पलना गर्नु भएको छैन की ?
५) संस्थामा नियमित रुपमा आउनु भएको छ वा छैन ?
६) संस्था कसरी चल्दैछ भन्ने कुराको जानकारी लिनु भएको छ वा छैन ?
७ कुनै सदस्य कर्मचारी वा समितिबाट संस्थालाई कुनै हानी नोक्सानी त भएको छैन नी ?
८) संस्थाबाट तपाईंको काममा ढिला सुस्ती वा आलटाल भएको छ की ?
९) संस्थाले के-कस्तो नयाँ योजानाहरु ल्याएको छ। सो सम्बन्धी जानकारी लिनु भएको छ वा छैन
१०) संस्थाले ल्याएको नबिनतम प्रविधिको (मोबाईल बैकिङ्ग, ई-बैकिङ्ग) प्रयोग गर्नु भएको छ वा छैन ?
११) ग्राहक पहिचान फारम (KYM) अध्यावधिक गर्न छुटेको छ की ?

## सकरात्मक र व्यावहारिक सुझाव पठाऔं.॥
## दिगो,सवल र सुशासनयुक्त संस्था बनाऔं.॥

**सेवा शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**निजगढ-९ शहिद चोक, बारा**
**०५३-५४०४२६,५३०४७८ मो नं-९८०२५४०४२६,**
**सेवा केन्द्र : भरतगंज सिंगौल (९८०२९७१४४२), रतनपुर (९८०२५४०४२७)**